# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

फोन नम्वर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्वर
०३७-५२००५१


पत्र संख्या:०७६।०७७
चलानी नं.:

१ नं.प्रदेश, नेपाल
मिति:२०७६।५।३०

**आ.व.०७६/०७७ को लागि ढुङ्गा गिट्टी बालुवा तथा अन्य नदीजन्य पदार्थ संकलन सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना ।**

**(दोस्रो पटक सूचना प्रकाशित मिति:२०७६।५।३०)**

यस सिद्धिचरण नगरपालिकाबाट चालु आ.व.०७६/०७७ को लागि देहाय बमोजिम आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनी वा व्यक्तिहरुले तपसिलमा उल्लेखित शर्त बन्देजमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र यस नगर कार्यपालिकाको कार्यालयमा पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठे.नं. | खोलाको नाम | बार्षिक रुपमा उत्खनन् गर्न सकिने परिमाण (क्यू.फिट) | प्रति क्यू.फिट दर | न्यूनतम ठेक्का अंक (कर बाहेक) | जमानत रकम | बोलपत्र फाराम दस्तुर | बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोलिने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| ४/०७६/७७ | पोक्तिङ० खोला | ५५६२०६.०३ | ५.३८ | २९९२३८८।४४ | ८९००० | ३००० | २०७६।६।१३ | २०७६।६।१४ बिहान १२.०० बजेभित्र | २०७६।६।१४ अपरान्ह २.०० बजे |
| ५/०७६/७७ | दूधकोशी नदीको मुलघाट | १९२२२४८.०३ | ५.३८ | १०३४१६९४।४० | ३१०००० | ३००० | २०७६।६।१३ | २०७६।६।१४ बिहान १२.०० बजेभित्र | २०७६।६।१४ अपरान्ह २.०० बजे |

शर्तहरु:

१.उल्लेखित ठेक्का २०७६ असोजदेखी २०७७ जेठ मसान्तसम्मको लागिमात्र हुनेछ ।

२.उल्लेखित ठेक्काको बोलपत्र फाराम माथि उल्लेखित मितिभित्र तोकिएको दस्तुर (फिर्ता नहुने) तिरी कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

३.बोलपत्रदाताले खामको बाहिरपट्टी ठेक्काको बिवरण र सिद्धिचरण नगर कार्यपालिकाको कार्यालय ओखलढुङ०गा भनी प्रष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ ।

४.बोलपत्रहरु फर्मको नाममा खरिद गर्ने भए फर्म इजाजत पत्रको प्रतिलिपि, आन्तरिक राजश्व कार्यालयबाट प्राप्त मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व.०७४/०७५ को आयकर चुक्ता गरेको प्रमाण पत्र, स्थानीय फर्मको हकमा नगरपालिकामा व्यवसाय दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि र व्यक्ति भए नेपाली नागरिकाता प्रमाण पत्रको प्रतिलिपि संलग्न गरिएको हुनु पर्नेछ ।

५.खरिद गरिएको बोलपत्र, बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट अपरान्ह १२.०० बजेभित्र सिलबन्दी रुपमा दर्ता गर्न सकिनेछ । रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु सोहि दिनको अपरान्ह २.०० बजे खोलिनेछ ।

६.बोलपत्रदाताले आफूले कबोल गरेको ठेक्काको जमानत वापतको रकम यस कार्यालयको नामको रा.वा.बैंक ओखलढुङ्गा शाखास्थित धरौटी खाता नं.२०७०३०३००७१० मा जम्मा गरेको सक्कलप्रति भौचर वा राष्ट्रबैंकबाट मान्यता प्राप्त "क" वर्गको बैंकबाट यस नगरपालिकाको नाममा जारी गरिएको कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको जमानत पेश गर्नु पर्नेछ ।

७.आफूले कबोल गरेको ठेक्का रकम अंक र अक्षरमा प्रष्टसँग उल्लेख गरिएको हुनुपर्नेछ । कबोल रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८.आफूले कबोल गरेको ठेक्का रकमको पहिलो किस्ता ३० (तीस) प्रतिशत सम्झौता गर्दाको बखत, दोस्रो किस्ता ४० (चालीस) प्रतिशत २०७६ पौष मसान्तभित्र र अन्तिम किस्ता ३०(तीस) प्रतिशत ०७७ बैशाख मसान्तभित्र बुझाउनु पर्नेछ ।

९.ठेक्का सम्झौता भएपछि ठेकेदारले कर असुली रसिद छपाई गरी यस कार्यालयबाट प्रमाणित गराएपछिमात्र प्रयोगमा ल्याउनु पर्नेछ ।

१०.ढुङ०गा, गिट्टी, बालुवा तथा नदीजन्य पदार्थ उत्खनन् गर्दा व्यक्तिगत घर जग्गा र कुलो, बाँध, बाटो आदि क्षति हुनेगरी उत्खनन् गर्न पाइने छैन । उत्खननस्थलसम्म जाने आउने बाटो बनाउनुपर्ने वा मर्मत गर्नुपर्ने भएमा ठेकेदार आफैले निर्माण वा मर्मत गर्नु पर्नेछ र ढुङ०गा, गिट्टी, बालुवा तथा नदीजन्य पदार्थ ओसारपसार गर्दा सडक धुलो र हिलो भई आवागमनमा असर पुग्न गएमा ठेकेदार स्वंयले मर्मत गर्नु पर्नेछ ।

११.पुल, कल्भर्ट, कजवे, सडक तथा सार्वजनिक निर्माणस्थल आदिको तलमाथि ५०० (पाँच सय) मिटरको दूरीभित्र ढुङ०गा, गिट्टी, बालुवा तथा नदीजन्य पदार्थ उत्खनन् गर्न पाइने छैन ।

१२.IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्र र परिमाण प्रतिकूल हुने गरी ढुङ०गा, गिट्टी, बालुवा तथा नदीजन्य पदार्थ उत्खनन् गर्न पाइने छैन ।

१३.यस सूचनामा खुलेको शर्तहरुको हकमा यसै बमोजिम र नखुलेको हकमा सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

१४.यस सम्बन्धी थप बिवरण बुझ्नु परेमा यस कार्यालयको फोन नं.०३७-५२०६८२, ५२०६८३, र ५२०६८४, मा कार्यालय समयमा सम्पर्क गरी बुझ्न सकिनेछ ।

भोजराज खतिवडा
प्रमुख प्रशासकीय अधिकृत